# स्वावलम्बन
Self-reliance

शहरी गरीवहरुको लागि समाज (सुप) द्वारा प्रकाशित

वर्ष १७ अंक २१ | वि.सं. २०७५ भाद्र/ने.सं. ११३८/ई.सं. : २०१८


## "सुप" सहयोगी सदस्य परिचय



कमला रञ्जीत

म कमला रञ्जीत गोफल वडा नं २१ मा जन्मेको र अहिले पनि यसै स्थानमा जुत्ताको पसल ब्यवसाय गरेर बसेकी छु । शहरी गरीवहरुकोलागि समाज (सुप) को बारेमा जानकारी मेरो सानो उमेर देखि नै थाहा थियो किनकी म गुजेश्वरी दिदीको घर सँगै बस्थे गुजेश्वरी दिदीले दिदी कै घरमा सुपको सहकार्यमा प्रौढ कक्षा संचालन गर्दा मेरो आमा शान्ति रञ्जीत पनि पढ्न जानु भएको थियो ।

जव म ठूलो हुदै आए मेरो उमेर २० वर्ष नै पुगेको थिएन मेरो बाबाको मृत्युले मेरो काँध माथि अझ परिवारिक बोझ थप भयो किनकी परिवारको म ठूलो छोरी हुँ । अतः समाजिक कार्यमा मेरो कुनै योगदान भने पुग्न सकेन र आफनै ब्यवसायमा नै ब्यस्त हुन पुगे । मलाई लाग्यो मैले आफै उपस्थिति भएर केही गर्न नसकेतापनि सुपको सहयोगी सदस्य भएर भए पनि समाजकोलागि केहीगर्न सक्ने जानकारी पाएपछि २०६६ श्रावण बाट सुपको सहयोगी सदस्य भएको हुँ । सुपले गरिरहेको कार्यहरु राम्रो नै भईरहेको जानकारी मैले पाईरहन्छु र सुपमा सानो नै भएपनि योगदान गर्न पाउनु मेरोलागि खुसी कै कुरा हो । मैले सार्मथ्यले भ्याए सम्म निरन्तर रुपमा सुपलाई सहयोग गरिरहने नै छु । अहिले मैले जुन प्रगति गरे गुजेश्वरी दिदीको सहयोग र साथ कै कारण गर्न सकेकी हुँ अःत गुजेश्वरी दिदीलाई विशेष धन्यवाद दिन चाहान्छु ।

अन्तमा सुपको २६ औ वार्षिक उत्सव समारोह राम्रो बनोस आउने दिनहरुमामा शहरी गरीवहरुकोलागि वकालत गर्दै उनीहरुको प्रगतिमा साथ दिन सकोस सुप परिवारलाई यही मेरो शुभकामना अनि धन्यवाद !



मनिका श्रेष्ठ

शहरी गरीबहरुको लागि समाज "सुप"बाट धेरैवर्ष अघिदेखि पारिवारिक समस्या तथा अन्य कारणले विद्यालय जान नपाएका बालबालिकाहरुलाई समेटी अनौपचारिक कक्षा (विद्यालय तयारी कक्षा) बालशिक्षा गृह संचालन तथा विद्यालय भर्नाकालागि छात्रवृत्ति कार्यमा समेत सह्रानिय सहयोग गरिरहेको छ । जुन अत्यन्त नै प्रससनीय छ ।

विद्यार्थी जीवनमा, विद्यार्थीहरुले जस्तो शिक्षा हाँसिल गर्दछ उसको भविष्य पनि सोही अनुरुप निर्धारण हुन्छ । "सुप"ले धेरै विद्यार्थीहरुको जीवन राम्रो बनाएको छ । म यो कुराबाट ज्यादै खुशी छु । यति मात्रै नभई, आर्थिक रुपले विपन्न महिलाहरुलाई सामुहिक रुपमा विभिन्न सीप मूलक तथा क्षमता अभिबृद्धि गर्ने खालका तालिमहरु दिई महिलाहरुको उत्थान कार्यमा सहकार्य गर्दै आईरहेकोछ । मुलुकमा गणतन्त्रको स्थापना पछि पनि नारीका हक र अधिकारका विषयमा निकै बहसहरु भएका छन् । तर "सुप"ले धेरै महिला, विद्यार्थी र अन्य ब्यक्तिहरुको जीवन जिउने कला प्रदान गरी जीवनलाई सुधारेको छ ।

मैले पनि यस सुप संस्थाको सहयोगी सदस्य भई २०६६ साल देखि सुपले गर्दै आएको कार्यकालागि केहीसानो आर्थिक सहयोग गर्न पाउँदा मलाई अत्यन्त खुशी र आनन्दको अनुभव हुन्छ । यो सहयोग कार्यलाई आगामी दिनहरुमा पनि मैले निरन्तरता दिने नै छु । अन्तमा "सुप" संस्थाले आगामी दिनहरुमा धेरै धेरै उचाई र प्रगति हासिल गर्न सकोस् भन्ने मेरो चाहना छ साथै म सुप परिवारलाई धेरै प्रगति र उन्नति गर्न सकोस भन्ने शुभ-कामना दिन चाहान्छु । धन्यवाद !

## परिणाममुखी सहकार्यमा सुप (SOUP)


गणेशप्रसाद खनाल, प्रधानाध्यापक,
श्री श्रमजीत किशोर मा.वि.लुँखसी, ललितपुर


ललितपुर महानगरपालिका वडा नं. १७ लुँखुसी टोलमा अवस्थित यस श्रमजीत किशोर माध्यमिक विद्यालय २०११ सालमा स्थापित भई सञ्चालनमा रहेको सामुदायिक विद्यालय हो । विभिन्न उतार चढावका साथ साँढे छ दशकको यात्रामा रहेको यस विद्यालयमा पहिले त स्थानीय विद्यार्थीहरू अध्ययन गर्ने थलो भएपनि अहिले बसाइँ सरी आएका शहरी गरिबहरूलाई शिक्षा दिने थलोको रूपमा सीमित हुन थालेको छ ।

शहरी गरिबहरूको पहिचान गरी तिनीहरूको समस्या समाधान गर्न सहयोगी भूमिका खेल्ने मूल अभिप्रायका साथ शहरी गरिबहरूको लागि समाज (SOUP) को स्थापना भएको हाम्रो ठम्याइ छ ।

P.T.O.

# साप्लानीर कार्यक्रम

शहरी गरिबहरुकालागि समाज"सुप" संस्थाले सन् २०१६ नोभेम्वर बाट सुरु गरी अक्टोबर २०१९ सम्म संचालन गर्ने गरी जापानी संस्था "साप्लानीर" सँगको सहकार्यमा "सुरक्षित समुदाय निर्माण (CSC)" परियोजना संचालन गरिरहेको छ । यो परियोजना काठमाडौं महानगरपालिकाका वडा नं. १२ तथा २१ र ललितपुर महानगरपालिकाका वडा नं. ७, ८, र १७ गरी जम्मा ५ वडामा संचालन भैरहेको छ। यो परियोजनाले विपद् जोखिम न्युनिकरण कार्यक्रम संचालन गरी आगामी दिनमा आइपर्ने प्रकोप तथा जोखिमको सामना समुदायका मानिसलाई सहज ढंगमा गर्न सक्षम पार्ने कार्यक्रमहरु संचालन गरिरहेको छ। कार्यक्रमहरु संचालन गर्ने क्रममा यस बर्ष हरेक वडामा रु. पाँच लाखसम्मको साना पुनर्निर्माणका कामहरु सम्पन्न भएका छन् ।




१. ईनार मर्मत कामपा २१, बाकुननी
२. नयाँ ईनार निर्माण कामपा २१, भोछेननी
३. सिकाली पाटि पुनर्निर्माण, कामपा १२, टेकु
४. सको पाटि पुनर्निर्माण, लमपा ७, सको बाकुननी
५. अमृतवर्ण महाविहार निमार्ण सहयोग, लमपा ७
६. गूईटोल स्तुपामर्मत, लमपा ८
७. श्रमजितकिशोर मा.बि. मर्मत, लमपा १७
८. जँर पुनर्निर्माण सहयोग, लमपा १७, हक टोल
९. मञ्जुश्री मन्दिर मर्मत सहयोग, कामपा २१, भोछेननी

पुनर्निर्माण र मर्मत कार्य लगायत यस बर्ष परियोजनाका लक्षित वडाहरुमा समुदायका मानिसहरुमा विपद् जोखिम न्युनिकरण सम्बन्धि ज्ञानको जानकारी लिनका लागि आधारभुत सर्वेक्षण गरिएको थियो । यसका साथै लक्षित वडाहरुमा त्यहाँको बिपद व्यवस्थापन समितिको सहयोगमा समुदायमा रहेको सार्वजनिक श्रोत तथा जोखिमको पहिचान गरी हरेक वडाको विपद् जोखिम न्युनिकरण नक्सा तयार गरियो। त्यसै गरि यस परियोजना अर्न्तगत कामहरु गर्ने क्रममा गोरखा भूकम्पबाट समुदायका ब्यक्तिहरुले भोगेका र सुनेका सिकाईलाई तथ्य घटना बनाई प्रतिवेदनको रूपमा पनि प्रस्तुत गरिएको छ। यस लगायत लक्षित वडाका मानिसहरु र अगुवाहरुका लागि बिभिन्न तालिम र अन्तरक्रिया कार्यक्रमको पनि आयोजना गरिएको थियो ।


आधारभुत सर्वेक्षण


विपद् जोखिम न्युनिकरण नक्सा तयार गर्दै


नेतृत्व सीप तथा क्षमता अभिबृद्धि तालिम


सुरक्षित भवन निर्माण सम्बन्धि अभिमुखिकरण कार्यक्रम


किर्तिपुरका वडाहरुममा एक्सपोजर भिजिट


गोरखा भुकम्पको अनुभव समेट्न अन्तरक्रिया कार्यक्रम

यसरी नै भबिष्यमा हुन सक्ने विभिन्न प्रकारको प्रकोपवारे जानकारी दिन र तयार रहन, परियोजनाका वडाहरुलाई लक्षित गरेर, हरेक महानगरपालिकामा विपद् जोखिम न्युनीकरण अध्ययन केन्द्र संचालन भइरहेको छ। यो केन्द्रले भविष्यमा आइपर्ने जोखिम कम गर्न गर्नुपर्ने तयारीको जानकारी प्रवाह गर्दछ। ललितपुरको वडा नं ७ को नेपाल भाषा मंका छें पिलाछें त्यागलमा र काठमाडौंको जैसिदेवल वडा नं २१ जैसिदेवल युथ क्लबमा यो अध्ययन केन्द्र रहेको छ । यो परियोजनाबाट २ वर्ष सम्म सो अध्ययन केन्द्र संचालन गरिने छ।

- ललितपुरमा केन्द्र खुल्ने समय बिहान ८-११ तथा वेलुका ३-६ वजे सम्म रहेको छ।
- काठमाडौंमा केन्द्र खुल्ने समय बिहान ९-१२ तथा वेलुका ४-७ वजे सम्म रहेको छ।

बिभिन्न प्रकारका प्रकोप खास गरी विपद्सँग सम्बन्धित सामग्रीहरु यस केन्द्रमा राखिएका छन्। समुदायका सबै मानिसहरु यी केन्द्रमा गई आफ्ना मनमा लागेका र आवश्यक कुराहरु केन्द्रमा रहनु भएका स्वयम् सेवकहरुसँग सोध्न र जानकारी प्राप्त गर्न सक्नेछन् ।


ललितपुर अध्ययन केन्द्र


काठमाडौं अध्ययन केन्द्र

## परिचय आदान प्रदान कार्यक्रम :

वि.सं. २०७५ असार ३० गते शनिवार, "सुप" सहयोगी सदस्य तथा छात्रवृत्ति पाएका विद्यार्थीहरू विच परिचय आदान प्रदान कार्यक्रम गरियो । उक्त कार्यक्रमको मुख्य उद्देश्य भन्नु नै "सुप" छात्रवृत्ति कार्यक्रममा कसले, कसलाई, कसरी सहयोग पुऱ्याउदै आउनुभएको छ भन्ने स्पष्ट जानकारि दिनु हो ।

उक्त कार्यक्रममा, सुपद्वारा छात्रवृत्ति पाएका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरू तथा उक्त विद्यार्थीहरूलाई सहयोग गर्ने सहयोगी सदस्यहरू गरि जम्मा ३५ जना सहभागीहरू बिच परिचय आदान प्रदान कार्यक्रम भएको थियो । साथै "सुप"ले २०७५ सालसम्म आउँदा १९५ जना विद्यार्थीहरूलाई छात्रवृत्ति दिन सक्नुको मुख्य कारण "सुप" सहयोगी सदस्य पनि हो भनि जानकारी दिन हालसम्मको "सुप" छात्रवृत्ति सम्बन्धि प्रगति प्रविवेदन "सुप"को कार्यक्रम व्यवस्थापकले प्रस्तुत गर्नु भएको थियो । साथै यस छात्रवृत्रि कार्यक्रमलाई कसरी राम्रो गर्न सकिन्छ भन्ने विभिन्न सुभावहरू संकलन गरियो । अन्तमा, विद्यार्थीहरू र सहयोगीहरू विच व्यक्तिगत रुपमा छलफल गर्ने समय पनि प्रदान गर्दै विद्यार्थीहरूको व्यक्तिगत रिपोर्ट फाइल पनि सहयोगी सदस्यलाई अध्ययन गर्न दिइयो ।

यस कार्यक्रमबाट सहयोगी सदस्यहरूलाई आफूले प्रदान गर्दै आएको छात्रवृत्ति सहयोग ठिक ठाउँमा छ भन्ने जानकारी भएको र आउँदा दिनमा यस किसिमको कार्यक्रमको माग "सुप" सहयोगी सदस्यले गर्नु भएको थियो ।





## "सुप" संस्थाद्वारा प्रदान गरिदै आएको छात्रवृत्ति कार्यक्रम अन्तर्गत २०७४ सालको (SEE) प्रवेशिका परीक्षामा उर्त्तिण हुनुभएका छात्र-छात्राहरूलाई

# हार्दिक बधाई !



आस्था रावत
(GPA – 3.55),
श्री गीतामाता मा.वि., विजेश्वरी, काठमाडौं
(सहयोगी सदस्य - रेनु मानन्धर)



अनुप नेपाल
(GPA – 3.50),
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य - एन्जिला ग्रिज)



रुक्मिला बुढाथोकी
(GPA – 3.45),
श्री सरस्वती निकेतन मा.वि.,वन्दे, काठमाडौं
(सहयोगी सदस्य- विल्मा मोर)



जीया किसन
(GPA – 3.00),
श्री सरस्वती निकेतन मा.वि., काठमाडौं
(सहयोगी सदस्य - कोर्नेलिया रिर्चटर)



संगम पहरी
(GPA – 2.95),
किटनी मा.वि., गोदावरी टौखेल, ललितपुर
(सहयोगी सदस्य - बिमला लामा)



लक्ष्मी तामाङ्ग
(GPA – 2.90),
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य-क्लाउस वेवर)



बबिता बस्नेत
(GPA – 2.10),
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य- प्रयास क्षेत्री)



साकार प्रधान
(GPA – 1.90),
बाल सेवा मा.वि., भोछें, काठमाडौं
(सहयोगी सदस्य- कमल फुँयाल)

# कोर इन्टरनेशनलको सहयोगमा संचालित बालशिक्षा गृहः

वि.सं. २०६४ साल देखि कोर इन्टरनेशनलको सहयोगमा बसाईं सराईं गरी आएका निम्न आय भएका महिला दिदीबहिनीहरुको बालबालिकाहरुलाई लक्षित गरि विद्यालय नगएका तर विद्यालय जाने उमेर पुगेका बालबालिकाहरुलाई एक वर्षे विद्यालल तयारी कक्षा पश्चात अर्को वर्ष विद्यालय भर्ना गरि पढाईलाई निरन्तरता दिने कार्य भइ रहेको छ।

हाल यस कार्यक्रमको लागि दुईवटा बालशिक्षा गृह (कालिमाटी र जडिबुटी) संचालनमा छ । अहिले सम्म यस कार्यक्रमबाट जम्मा ..... जना बालबालिकाहरुले पढाईलाई निरन्तरता दिन सफल भएको छ भने जम्मा ...... जना विद्यार्थीहरुले SLC/SEE परीक्षामा उत्तिर्ण गरि उच्च शिक्षा हाँसिल गर्दै आएका छन् ।

कोर इन्टर नेशनलले वि.सं. २०६५ साल देखि नै छात्रवृत्ति कार्यक्रमलाई सहयोग प्रदान गर्दै आएको छ। बालशिक्षा गृहबाट १ वर्षे विद्यालय तयारि कक्षा पश्चात बालबालिकाहरुको पढाईको निरन्तरताको लागि विभिन्न सरकारी विद्यालयमा भर्ना गरि सहयोग गर्दै आईरहेको छ। यस वर्ष २०७५ सालमा जम्मा १०४ जना बालबालिकाहरुलाई छात्रवृत्ति कार्यक्रमको लागि सहयोग पुगेको छ।





**बालशिक्षा गृहका केहि गतिविधिहरूः**









## आत्मनिर्भरताका लागि जैविक कृषि तालिम (IPM) कार्यक्रमः

खेतबारिको बालीनालीमा दिनहुँ जसो बढ्दै गएको विषादी प्रयोगबाट किसान स्वयं र उपभोक्ताहरु विषादी भएको खाद्यान्न, तरकारी तथा फलफूलहरु उपभोग गर्न बाध्य भई रहेको कुरालाई महशुसीकरण गर्दै उक्त विषदीलाई न्यून गर्न घरेलु विषादी प्रयोग गरि बालिनाली गर्न प्रेरित गर्दै वातावरणलाई स्वच्छ बनाउनुको साथै आर्थिक आत्मनिर्भर गर्न कोर इन्टरनेशनलको सहयोगमा ४ महिने जैविक कृषि तालिम विगत सन् २०१२ देखि विभिन्न ठाउँमा कृषक समूहहरुलाई प्रदान गर्दै आएको छ।

हालसम्म जम्मा ...... वटा समूह गरि जम्मा ...... जनालाई जैविक कृषि तालिम प्रदान गरिसकेको छ। जसबाट कम मूल्यमा बढि भन्दा बढि आम्दानी गर्न सफल हुनुको साथै स्वस्थ्य बालीबाट कृषक स्वयं स्वस्थ भै वातावरण मैत्री कृषि उत्पादन गर्दै आएका छन्।








## ...परिणाममुखी सहकार्यमा सुप (SOUP)

विभिन्न समस्याका कारण कापी किताब किन्न नसक्ने, नियमित विद्यालय आउन नसक्ने लगायतका समस्या भएका देशका अधिकांश भागका विद्यार्थीहरू यस विद्यालयमा अध्ययनरत छन्। यिनीहरूको चौतर्फी विकासका लागि विद्यालयले चालेको कदमलाई मजबुत बनाउन SOUP को सहकार्य हाम्रो लागि अति नै फलदायी सावित भएको छ। २०७२ वैशाख १२ मा गएको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त संरचनाको मर्मत सम्भारका लागि यस संस्थाबाट विपद् व्यवस्थापन कार्यक्रम अन्तर्गत प्राप्त भएको रु.५,००,०००।- रकमबाट यस विद्यालयले मर्मतसम्भारको कार्य सम्पन्न गर्न सकेको छ। यस संस्थाले विगत ३ वर्ष देखि विद्यार्थीहरूलाई छात्रवृत्ति दिँदै आएको काम प्रशंसनीय रहेको छ। साथै शैक्षिक सत्र २०७४ देखि After School Programme (ASP) अन्तर्गत २५ जना विद्यार्थीहरूलाई २ जना सहजकर्तामार्फत २ घण्टाको अतिरिक्त कक्षा सञ्चालन गरिएकाले घरमा गृहकार्य गर्न नभ्याएका विद्यार्थीहरूले सो कक्षामा गृहकार्यमा सहयोग साथै नियमित कक्षामा अस्पष्ट भएका विषयमा स्पष्ट हुने मौका पनि पाएका छन्।

विद्यालय, सहजकर्ता, अभिभावक र विद्यार्थीहरूको सहमतिमा ASP कक्षा यस विद्यालयमा भने Before School Programme (BSP) कक्षाको रूपमा सञ्चालित छ। यो विद्यालय बिहानी र दिवा गरी दुई सत्रमा सञ्चालन हुने भएकाले ASP कक्षालाई सरोकारवालाहरूको सहमतिमा नै बिहान ८:३० देखि १०:३० सम्म सञ्चालन गरिएको छ र जसमा आधारभूत तह कक्षा १-५ का २५ जना विद्यार्थीहरू अध्ययनरत छन्। यस कक्षामा सहजीकरण गर्नुहुने सहजकर्ताहरू डा. निना रेग्मी पोखरेलको विद्वता र क्षितिजा श्रेष्ठको कलासम्बन्धी गहिरो ज्ञानले विद्यार्थीहरूको चौतर्फी विकासमा टेवा पुगिरहेको छ। शिक्षालाई एउटा कोठाको साँघुरो घेराबाट बाहिर ल्याई सहजकर्ता द्वयले भ्रमण गराउने, खेलहरू खेलाउने, नाचगान सिकाउने आदि क्रियाकलाप गराएबाट विद्यार्थी तथा अभिभावकहरू पनि सन्तुष्ट रहेका छन्। यस कार्यबाट विद्यालयको शैक्षिक गुणस्तर त माथि उठेको छ नै यसका अलावा अभिभावकहरूलाई आर्थिक व्ययभार कम पर्नुका साथै विद्यार्थीहरूको रुचि र चाहनाका क्षेत्रहरूलाई सम्बोधन गर्न र सिकाइको दायरालाई फराकिलो पार्ने मौका पाएका छन्। जुन कार्य अति नै प्रशंसनीय छ।

आगामी दिनमा योजनाबद्ध ढङ्गबाट हातेमालो गर्दै अघि बढ्न यो विद्यालय सदैव तत्पर रहनेछ। SOUP बाट पनि यस्तै प्रकारको सहयोगको निरन्तरता रहने कुरामा विद्यालय आशावादी छ। हाम्रो यो सहकार्य अवश्य नै परिणममुखी रहेको छ र भविष्यमा पनि थप परिणाममुखी रहने विश्वास गरिएको छ। धन्यवाद।

# विभिन्न तालिमहरू









यस वर्ष पनि पहिलेको वर्ष झैं समुदायको आवश्यकता र मागको आधारमा विभिन्न तालिमहरू सफलतापूर्वक सम्पन्न भएको छ । यस वर्ष सम्बन्धित कार्य क्षेत्रमा संलग्न समूहका सदस्यहरू तथा वडा कार्यालयको प्रतिनिधिहरूको सहभागिता हुने गरी साप्लानिरको सुरक्षित समुदाय निर्माण परियो जना तथा कोर ईन्टरनेशनलको सहयोगमा ३ वटा नेतृत्व सीप तथा क्षमता अभिबृद्धि तालिम सम्पन्न गरियो । त्यस्तै गरी २ दिने महिला स्वास्थ्य (पाठेघर सम्बन्धि) तालिम पनि कोर ईन्टरनेशनलको आर्थिक सहयोग तथा खेमा नेपालको प्राविधिक सहयोगमा सम्पन्न भएको थियो । लगं खल, काठमाडौंले आफ्नो क्लबका पदाधिकारीहरूलाई सकारात्मक सोच र नेतृत्व सीप तालिम  दिन अनुरोध भए अनुसार "सुप"ले सःशुल्क तालिम प्रदान गरेको थियो । यसै सन्दर्भमा ललितपुर महानगरपालिका सामुदायिक शाखाको सहकार्यमा ल.म.पा वडा नं २ का प्रतिनिधि लगायत समूहहरूका सदस्यलाई पनि सकारात्मक सोच तथा समुह व्यवस्थापन सम्बन्धि तालिम सम्पन्न गरियो । यस तालिमका लागि ललितपुर महानगरपालिकाले आर्थिक सहयोग गर्नु भएको थियो ।

"सुप"ले विभिन्न तालिमहरू परियोजना भित्रका साथै अन्य संस्थाहरूसंग सहकार्य गरी निःशुल्क तथा सःशुल्क तालिमहरू आउँदा दिनहरूमा पनि निरन्तरता दिदै लगिनेछ । साथै श्रोत व्यक्तिको रूपमा पनि थुप्रै संस्थाहरूसंग तालिमकार्यका लागि सहकार्य गरियो र भविष्यमा पनि यस कार्यलाई निरन्तरता दिइनेछ ।

## शहरी गरीबहरूको लागि समाज (SOUP)

सानेपा, साँचल-२, ललितपुर

### आ.ब. ०७४।७५ को वासलात बिवरण

| पूजी तथा दायित्व | यस वर्ष | गत वर्ष | सम्पती | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|---|
| सदस्य पूँजी कोष | ३४,२२०।०० | ३४,२२०।०० | स्थायी सम्पत्ति | ४,५०६,७३५।५५ | ४,७१८,२७९।५१ |
| गत बर्षको अल्या | ६,३९६,४१६।५२ | ४,०८७,७११।९९ | नगद तथा बैक मौज्दात | ५,९११,८२८।९५ | ४,८१४,७४४।०८ |
| यस बर्षको | २८७,१३४।९१ | २,३०८,७०४।५३ | अन्य सम्पति | ५१,०००।०० | ५१,०००।०० |
| भुक्तानी बाँकी | ३,६५५,२९३।०७ | ३,६५५,२९३।०७ | पेश्की | – | ५९८,४०६।०० |
| भवन निर्माण कोष | ९६,५००।०० | ९६,५००।०० | | | |
| | १०,४६९,५६४।०० | १०,१८२,४२९।०० | | १०,४६९,५६४।०० | १०,१८२,४२९।५९ |

| विद्यालक्ष्मी मानन्धर | श्रीकृष्ण महर्जन | महेन्द्र शाक्य | उकुलाल महर्जन |
|---|---|---|---|
| कार्यक्रम व्यवस्थापक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

Registered Auditor-B Class UKU & Associates Lalitpur

# रजत महोत्सवको फोटो परिचय






















